# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-२१ श्रावण २०६८

## भित्र



समाजकल्याण परिषद्‌बाट अनुगमन ....................................२




आधारभूत मानवअधिकार तालिम

सम्पर्कका लागि ठेगाना:
**समग्र विकास सेवा केन्द्र,**
हस्पिटल मार्ग, चाबहिल,
पो.ब. नं. : १३२७८, काठमाडौं,
फोन नं. ४४६९६४९, इमेल:
info@samagra-nepal.org.np,
वेभसाइट: www.samagra-nepal.org

# क्रियाकलाप कार्यान्वयन गोष्ठी सम्पन्न :

२०६८ श्रावणदेखि २०६९ आषाढ मसान्तसम्म सञ्चालन गरिने क्रियाकलापलाई उपलब्ध साधनस्रोतबाट व्यावहारिक र बढी प्रभावकारी तुल्याउने उद्देश्यले केन्द्रीय स्तरका कर्मचारी र क्षेत्रीय संयोजकहरूको एकदिने क्रियाकलाप कार्यान्वयन गोष्ठी सम्पन्न भयो । २०६८ श्रावण २१ मा काठमाडौंको बौद्धस्तुपामा भएको उक्त गोष्ठीमा ग्रामीण स्तरमा सामाजिक परिवारले पार्दै गएको सकारात्मक प्रभाव र यसमा आबद्ध महिलाहरू नेतृत्व तहमा पुग्नु, आफ्ना लागि आफैंले केही गर्नुपर्छ भन्ने आँट, अठोट र सामाजिक परिवारमा संगठित हुँदै गएका दलितहरूमा आएका एकता, सामाजिक कामका लागि सहकार्य, सामाजिक भेदभावका विरुद्ध उठेका आन्दोलन, आफ्नो उन्नति र विकासका लागि यी समुदायले आफ्नै प्रयासमा थालेका विकासका काम र आफूविरुद्ध भएका सामाजिक अपराधका विरुद्ध कानुनी उपचार, आफ्ना बालबच्चा शिक्षित तुल्याउन उमेर



रामचन्द्र विक सप्तरी पश्चिम पिप्रा वडा नं. ८ निवासी हुन् । २ वर्षअगाडिसम्म यिनी सुकुम्बासी थिए । चकाहा खोलामा आएको बाढीले ऐलानी जग्गामा बनेको २६ घर मुसहरटोल बगायो । उनले अर्काको जग्गा मागेर छाप्रो हाले । तस्बिरमा नियाल्दै गरेको धानखेत उनको नम्बरी जग्गा हो । उनको प्रयास तथा साप र यसका शुभचिन्तकहरूको सहयोगमा उनी हाल दुई कट्ठाभन्दा बढी जग्गाको जग्गाधनी भएका छन् । क्रियाकलाप कार्यान्वयन गोष्ठीका बेला यो तस्बिर भित्तामा टाँसिएको थियो ।

पुगेका छोराछोरीलाई विद्यालय भर्ना आदिमा भएका प्रगतिलाई जोगाउँदै, भएका संरचनालाई बचाई प्राप्त बजेटअनुसारको प्रभावकारी काम कसरी सञ्चालन गर्न सकिन्छ भन्ने गम्भीर विषयमा विचार-विमर्श गरियो ।

छलफलको निष्कर्ष यस्तो रह्यो :

१) समग्रले उपलब्ध गराएको घुम्तीकोषको यथार्थ विवरण तयार गरी अनिवार्य रूपमा अद्यावधिक गर्ने ।

२) सामाजिक परिवारहरूलाई रेकर्ड फाइल अद्यावधिक, मासिक कोष व्यवस्थापन, पुरानो लगानीको आधिकारिक विवरण तयार गर्नुका साथै व्यवस्थित परिचालन गर्ने/गर्न लगाउने ।

३) मानवअधिकारलगायत विभिन्न तालिमप्राप्त साप सदस्यहरूको रेकर्ड राख्ने र उनीहरूले प्राप्त गरेको ज्ञान, सीपलाई एक-आपसमा जानकारी गराउने । सापको बैठकमा ज्ञान, सीपका बारेमा छलफल गर्न लगाउने र आफ्नै परिवेशमा स्वावलम्बी, आत्मनिर्भर र स्वाभिमानी भई साम्मानित नागरिक भएर उभिन प्रेरणा दिने । यसका साथै सामाजिक परिवारलाई संस्थागत गर्दै लैजाने । जिल्ला सामाजिक परिवारलाई आफ्नो अधिकार, कर्तव्य र जिम्मेवारीको बोध गराउँदै जिल्लामा प्राप्त स्रोतसाधन लिने तरिका सिकाउने ।

४) कार्यक्रम सञ्चालन भएका जिल्लामध्ये धनुषालाई छाडेर अरूमा एक-एक जना वरिष्ठ उत्प्रेरक वा कार्यकर्ता छनोट गरी राख्ने र बजेटका आधारमा अन्य उत्प्रेरक र स्वयम्सेवक राख्दै जाने ।

५) गत वर्षदेखि सम्बन्धित जिल्लाका कार्यक्रम हेर्ने वरिष्ठ उत्प्रेरक तथा उत्प्रेरकको व्यक्तिगत बैंक खातामा कार्यक्रम सञ्चालन गर्ने रकम र निजको तलब पठाउने गरेकामा २०६८/०६९ का लागि संस्थाको नामका स्थानीय स्तरका कर्मचारीसहितको बैंक खाता सञ्चालन गर्ने गरी रकम स्थानान्तरण गर्ने, मासिक पेस्की फर्स्योटका लागि केन्द्रीय कार्यालयबाट लेखा अधिकृत क्षेत्रीय सम्पर्क कार्यालयमा पुगी बिल भर्पाई लिने । महिनाको एक पटक पुगी पेस्की फर्स्योट गर्ने र पुनः नयाँ पेस्कीस्वरूप रकम पठाउने व्यवस्था गर्ने ।

बैंक खाता सञ्चालन सम्बन्धमा सम्बन्धित क्षेत्रको क्षेत्रीय संयोजक, जिल्ला वरिष्ठ उत्प्रेरक र केन्द्रीय लेखा अधिकृतसमेत तीन जनामध्ये दुई जनाको दस्तखतबाट खाता सञ्चालन गर्ने व्यवस्था गर्ने ।

सिरहा, सप्तरीका लागि पूर्ववत् व्यवस्थाअनुसार कार्यक्रम सञ्चालन गर्ने र उदयपुरका लागि वरिष्ठ उत्प्रेरकका अतिरिक्त एक जना सहायक कर्मचारीको व्यवस्था गर्नुका साथै स्रोतका आधारमा आवश्यक स्वयम्सेवक व्यवस्था गर्ने । एकदिने छलफलको निर्णयअनुसार कार्यक्षेत्रमा काम सञ्चालन गर्ने र केन्द्रवाट आवश्यक सहयोग उपलब्ध गराउनेसमेत टुङ्गो लगाइयो ।

# समाजकल्याण परिषद्बाट अनुगमन :

२०६८ श्रावण २४ गते मंगलबार समाजकल्याण परिषद् लैनचौरबाट समग्रको वार्षिक कार्यक्रम अनुगमन गर्ने सिलसिलामा परिषद्का सहायक निर्देशक बलबहादुर स्वाँरको नेतृत्वमा उमा लामिछाने र संस्थाका तर्फबाट डोरनाथ न्यौपानेसहितको तीन सदस्य टोलीले धादिङ तसर्पुस्थित दामेचौरमा आदर्श माविको बैठक कक्षमा भेला भएका सातवटा सामाजिक परिवारका सदस्य तथा पदाधिकारीहरूसँग अन्तरक्रिया गऱ्यो ।

यस क्रममा श्रमजीवी सामाजिक परिवारकी अध्यक्ष साहिली तामाङले भनिन्, “हाम्रो साप आयआर्जन समितिका रूपमा २०५२ सालमा गठन भएको हो, यसको सुधार र विकासका क्रममा २०६० तिर हामीले यसैलाई सामाजिक परिवारमा रूपान्तरण गर्‍यौं । सामाजिक परिवार गठन गर्नुअगाडि हामी साह्रै गरिब थियौं, हाम्रो बाउ-बाजेले साहुको ऋण काट्थे र आफ्नो घरव्यवहार चलाउँथे । आज हाम्रो सापमा २ लाख ६० हजारको कोष जम्मा भइसकेको छ र १५ हजार देखि





सापका ३२ घर महिला मिलेर २०५४ सालमा सामाजिक परिवार जन्माएका हुन् र आफ्नो मात्र पैसाले २ लाख २० हजारको कोष खडा भएको छ । यी महिला दिदीबहिनीहरूले बाहिरबाट कसैसँग पनि सापटी लिएका छैनन् । बरु आफ्नै कोषको रकमबाट आदर्श निमाविलाई पदोन्नत गर्नका लागि धरौटी राख्न १ लाख निर्ब्याजी ( सापटी) दिएर विद्यालयलाई गुन लगाएका छन् । प्र.अ. विष्णुप्रसाद गौतम गर्वसाथ भन्नुहुन्छ, "उहाँहरूकै हौसलाले प्रस्तावित मावि बनाएका हौं ।"

किन यसो गर्नुभएको त भन्ने प्रश्नमा त्यसका सदस्यहरूले एक स्वरले भने, "हाम्रा छोराछोरीलाई स्कुल पढाउन ।"

२० हजारसम्म कोषबाट सापटी लिने-दिने गरेका छौं । तालिम पायौं, भ्रमणमा जाँदा हामी जस्तै दिदीबहिनीहरूले गरेको विकास, उन्नति देख्यौं ।

हाम्रो गाविसमा समग्रसँग मिलेर गरिबी निवारण कोषले पनि काम गरेको छ । दुवै संस्थाको सहयोगले गर्दा हाम्रो सामाजिक परिवारका सदस्य दिदीबहिनीहरू बाख्रा, भैंसी पालन, अदुवाखेती र एक जनाले खुद्रा पसलका लागि २० हजार सापटी लिएर काम गरेका छन् । यसबाट हाम्रो गाउँघरको आम्दानी बढाउन सहयोग पुगेको छ ।

गाउँमा खानेपानीको समस्या भएकाले हाम्रो प्रयासमा धादिङ जिल्ला विकास समितिले घैला (घँटो) कार्यक्रम सुरु गरी आकाशे पानी संकलन गरेर अभावका बेला काम चलाउँछौं । यस्तै सामाजिक परिवारहरूको अनुरोधमा प्रेमसागर फाउन्डेसन नेपालले दामेचौरमा जनभोजन कार्यक्रम सञ्चालन गरेको छ । हाम्रा गाउँका उमेर पुगेका सबै बालबालिका स्कुल जान्छन् । पहिला त ढिँडो-गुन्द्रुक खाएर स्कुल जानुपर्थ्यो, त्यो पनि बेलामा नपाक्दा भोकै जाने र कति बच्चा त जाँदै नजाने थिए । अहिले त फाउन्डेसनमा दाल-भात, तरकारी खाएर धनीका बच्चा जस्तै ठाँटसँग विद्यालय गएर पढ्छन् ।"

पार्वती तामाङ (सचिव, श्रमजीवी साप) ले थपिन्, "अब त पहिलाभन्दा हाम्रो गाउँ फेरिँदै गएको छ । पहिला जस्तो हेपेर व्यवहार गर्न छाडे ठूलाबडाले, हामी मिहिनेत गर्दै जान्छौं, हेरौं कहाँ पुगिन्छ ।"

> **"यो कार्यक्रम र सामाजिक परिवार दुःखीका लागि साथी भएको छ । बैंक खाता खोलेर आफ्नो नाममा पैसा राख्न पाएका छौं । १ लाख ६१ हजार नौबिसे बैंकको हाम्रो खातामा जम्मा हुँदा खुसीको ठेगानै रहेन ।"**

मखमली सापका सचिव गंगाराम तामाङले भने, "यो कार्यक्रम र सामाजिक परिवार दुःखीका लागि साथी भएको छ । बैंक खाता खोलेर आफ्नो नाममा पैसा राख्न पाएका छौं । १ लाख ६१ हजार नौबिसे बैंकको हाम्रो खातामा जम्मा हुँदा खुसीको ठेगानै रहेन ।"

पालुवा सापले २ लाख १० हजार पायो र उन्नतिका लागि काम थाल्यो । जनज्योति मंगलटार सापका अध्यक्ष डम्बरबहादुर तामाङले सबैको प्रेरणले आफ्नो गाउँमा पनि २१ घर मिलेर सामाजिक परिवार बनाएको र यसमा ७ जना पुरुष र १४ जना महिला सदस्य छन् भन्ने जानकारी गराउँदै २ हजार ४ सय २० रुपैयाँ कोष जम्मा भएको र भर्खरै सुरु भएकाले मासिक कोषका लागि प्रत्येक सदस्यले रू. १०।- जम्मा गर्ने चलन बाँधेको सुनाए ।

आदर्श माविका विद्यालय व्यवस्थापन अध्यक्ष प्रेमनेगी तामाङले थपे, "समग्र आएर सुरु गरेका कामले हाम्रो त बुद्धि नै विकास भयो । गाउँमा नै मावि खोल्न सक्ने भयौं, हामी यहाँ जम्मा भएका ६० जनामध्ये २ जना लेखपढ गर्न सक्ने मान्छे छौं । उति बेलामा कहाँ पढ्न पाउनु । अहिले त एसएलसीदेखि बीएड्सम्म पढ्ने युवायुवती गाउँमा पाइन्छन् ।"

स्थानीय समाजसेवी सन्तबहादुर तामाङले पुरानो कुरा सम्झँदै भने, "स्वावलम्बन र समग्र एउटै हो । पहिला मलाई गोपाल भनेर चिन्थे, अहिले सन्तबहादुर भनेर चिन्छन् ।"

"लेख्नेलाई बिल भए पुग्छ, किन्न जाने मान्छे इमानदार चाहिन्छ । शिक्षा सबैभन्दा ठूलो कुरा हो, हामी नपढे पनि छोराछोरी पढाउनुपर्छ भन्ने चेतना हामी र हाम्रो गाउँमा

पाइएको छ, दुई-चार पैसा महिलाहरूले चलाउन, खेलाउन पाएका छन्, हामी खुसी छौं," यसै मेसोमा हेडसरले थप्नुभयो, "फाउन्डेसन आएपछि ९० प्रतिशत विद्यार्थी विद्यालय नियमित आउँछन् । पहिला जस्तो ६० प्रतिशत नआउने चलन फेरियो । सामाजिक परिवारका माध्यमले महिला दिदीबहिनीमा ठूलो जागरण आएको देखेको छु ।"

अनुगमन मूल्याङ्कन टोलीप्रमुख बलबहादुर स्वाँरले भन्नुभयो, "**सहभागीहरूको काम देख्न पाउँदा, खुसी लाग्यो** । महिलाहरूको सहभागिता देखेर समग्रले हिमाल, पहाड, तराई र मधेससम्म काम गरेर अनुभव बटुलेको छ, यसको प्रयास राम्रो छ, तपाईंको ठाउँमा पनि १२ वटा सामाजिक परिवार बनिसकेछन् । सबै गाउँमा पुऱ्याउनुहोस्, शुभकामना छ । मूल्याङ्कन भन्दैमा हामी जाँच गर्न मात्र आएका हैनौँ, तपाईंहरूका राम्रा कामलाई अरू ठाउँमा अरू संस्थालाई गर भन्न पनि सकिन्छ । यहाँको बारेमा सुनेका थियौँ, देख्न, भेट्न पाउँदा खुसी लाग्यो । तपाईंहरू सबैलाई शुभकामना ! आफ्नो ठाउँ राम्रो बनाउनुहोस् ।" अर्का सदस्य उमा लामिछानेले पनि थप्नुभयो, "महिला दिदीबहिनीहरूको काम देख्दा, सुन्दा राम्रो लाग्यो, तपाईंहरूलाई धन्यवाद छ । महिलाहरूलाई हेला गर्नेका लागि तपाईंहरूको काम उदाहरण हो ।"

त्यसै दिन टोली गोरखा सदरमुकाम पुगी समग्रको क्षेत्रीय कार्यालयको निरीक्षण गर्नुका साथै समग्रका कर्मचारीहरूसँग अन्तरक्रिया गऱ्यो । त्यसै क्रममा भरतप्रसाद श्रेष्ठले उत्तरी गोरखाको घोडेटो बाटो निर्माणपछि त्यस भेगमा आएको परिवर्तन, सामाजिक रूपान्तरणतर्फ सापको भूमिका, भेदभावविरुद्धको अभियान र गोरखा सम्पर्क कार्यालयले पुऱ्याउने सहयोग र सेवाबारे प्रस्ट पार्नुभयो ।

टोलीका तर्फबाट परिषद्का सहायक निर्देशकले समग्रको अन्य गतिविधि र क्षेत्रीय कार्यालय व्यवस्थापन, यसको तौरतरिका आदिका बारेमा थप जानकारी लिनुभयो ।

> ***"लेख्नेलाई बिल भए पुग्छ, किन्न जाने मान्छे इमानदार चाहिन्छ । शिक्षा सबैभन्दा ठूलो कुरा हो, हामी नपढे पनि छोराछोरी पढाउनुपर्छ भन्ने चेतना हामी र हाम्रो गाउँमा पाइएको छ, दुई-चार पैसा महिलाहरूले चलाउन, खेलाउन पाएका छन्, हामी खुसी छौं ।"***

श्रावण २५ गते बिहान गोरखा नपा वडा नं. २ मसारका दलित महिलाहरूको प्रयासमा २०६३ चैतमा स्थापना भएको सापमा पुगी त्यहाँका सहभागीहरूसँग अन्तरक्रिया भयो । ५३ घर सदस्य रहेको यो सापमा सबै महिला सदस्य छन् । भ्रमणपछि टोलीले आफ्नो सुझाव तथा **निष्कर्ष निम्न बुँदाहरूमा उल्लेख गऱ्यो:**

- सामाजिक संस्थाको माध्यमबाट समुदायमा सामाजिक सद्भाव अभिवृद्धि भई सामाजिक विभेद अन्त्य गर्न रचनात्मक कार्य सम्पादन गर्ने गरेकाले संस्थाको कार्यक्रम क्षेत्रमा गठित सामाजिक परिवारलाई थप तालिम प्रदान गरी अझ सशक्त बनाई सामाजिक परिवार अन्य क्षेत्रहरूमा पनि विस्तार गर्नुपर्ने ।
- सामाजिक परिवारको माध्यमबाट कार्यक्रम सञ्चालन गरिने हुँदा सामाजिक परिवारको काम, कर्तव्य, अधिकार, कार्य क्षेत्र आदिको निर्देशिका तयार गरी सबै सामाजिक परिवारमा पुऱ्याउनुपर्दछ ।
- समग्र विकास सेवा केन्द्रका केन्द्रीय, क्षेत्रीय र जिल्ला स्तरका कार्यालयका काम, कर्तव्य, अधिकार स्पष्ट गरी परियोजना क्षेत्रमा कार्यालयलाई अझ प्रभावकारी बनाइनुपर्ने ।
- संस्थाले केन्द्रीय स्तरमा Basket Fund को अवधारणाअनुसार खाता सञ्चालन गरेको छ । त्यसै गरी क्षेत्र तथा जिल्ला स्तर तहमा खाता सञ्चालन गर्ने, कारोबार अझै स्पष्ट हुने देखिन्छ ।

## सुझाव तथा निष्कर्ष :

समग्रको लामो अनुभव र प्रयासमा ग्रामीण विपन्न तथा सीमान्तकृत समुदायका लागि रचना गरिएको सामाजिक परिवारको अभियान अत्यन्त सान्दर्भिक लाग्यो । यिनीहरूभित्रको प्रजातान्त्रिक परिपाटी, एक-आपसको सामाजिक सद्भाव, सहिष्णुता, मर्दापर्दा गरिने सहयोग, सामूहिक भावना साँच्चै नै यसले सुरु गरेको मौलिक संगठन हो, जसमा दलित, महिला, विपन्न जनजाति तथा अन्य समुदायका मानिसहरूको एक-आपसमा सहकार्य, सहअस्तित्व र सद्भाव देख्दा उदाहरणीय पाइयो । हामीले अवलोकन गरेको सामाजिक परिवारहरूमा अधिकांश दलित र जनजातिहरू रहेको पाइयो । समग्रको कार्य प्रणाली प्रजातान्त्रिक सिद्धान्तमा आधारित रहेको पाइयो । कार्यक्रम सञ्चालन प्रणाली प्रभावकारी देखियो । ग्रामीण विकास कार्यमा यस संस्थाको योगदान प्रशंसनीय रहेको छ । सामाजिक परिवारलाई व्यापक रूपमा विस्तार गर्नुपर्ने देखिन्छ ।



महिला समूहमा छलफल गर्दै ।